आर्थिक अभियान राष्ट्रिय दैनिकमा मिति २०८१/०२/१६ गते प्रकाशित

अभियान लघुवित्त वित्तीय संस्था लिमिटेड
Aviyan Laghubitta Bittiya Sanstha Limited
(नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको ईजाजत प्राप्त राष्ट्रियस्तरको कार्यक्षेत्र भएको संस्था)
केन्द्रीय कार्यालय : पनौती नगरपालिका-४, काभ्रे, फोन नं: ०११-४४१०२७/२८
E-mail : aviyanlaghu@gmail.com, Website : www.aviyanlaghubitta.com

# चौथो वार्षिक साधारण सभा सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८१/०२/१६ गते**

अभियान लघुवित्त वित्तीय संस्था लिमिटेडको मिति २०८१ साल जेष्ठ १४ गतेको सञ्चालक समितिको ९७ औ बैठकको निर्णय बमोजिम यस वित्तीय संस्थाको आ.व. २०७९/०८० को चौथो वार्षिक साधारण सभा देहायका विषयहरु माथि छलफल तथा निर्णय गर्नका लागि निम्न लिखित मिति, समय र स्थानमा बस्ने भएको हुँदा कम्पनी ऐन २०६३ को दफा ६७ (२) अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितिको लागि अनुरोध गरिन्छ।

**साधारण सभा हुने मिति, समय र स्थान :**

**मिति** : २०८१ साल असार ०६ गते बिहिवार (तदनुसार २०, जुन २०२४)
**समय** : बिहान ११:०० बजे
**स्थान** : ताम्राकार पार्टी भेन्यु, पनौती न.पा. वडा नं. ४, काभ्रेपलाञ्चोक

**छलफल तथा निर्णयका विषयहरु :**

**(क) सामान्य प्रस्तावहरु :**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नुहुने आ.व. २०७९/०८० को वार्षिक प्रतिवेदन माथि छलफल गरी पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहित २०८० आषाढ मसान्तसम्मको बासलात, आ.व. २०७९/०८० को नाफा-नोक्सान हिसाब तथा सोही अवधिको नगद प्रवाह बिवरण सहित सम्बन्धित अनुसूचीहरु माथि छलफल गरी पारित गर्ने ।
३. कम्पनी ऐन, २०६३ को दफा १११ तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ अनुसार आ.व. २०८०/०८१ को लेखापरीक्षण गर्नका लागि लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक तोक्ने ।
४. विविध ।

**(ख) विशेष प्रस्तावहरु :**

१. नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय लगायतका अन्य नियमनकारी निकायहरुबाट स्वीकृति लिने, अभिलेख गर्ने, प्रवन्धपत्र तथा नियमावलीमा कुनै विषयमा संशोधन एवं परिवर्तन गर्न निर्देशन भएमा सोसमेत मिलाई संशोधन एवं परिवर्तन गर्ने लगायतका अन्य सम्पूर्ण कार्य गर्न गराउन सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।
२. यस वित्तीय संस्थाले नेपाल राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त "घ" वर्गका अन्य कुनै पनि लघुवित्त वित्तीय संस्थासँग एक आपसमा गाभ्ने/गाभिने वा प्राप्ति (Merger/Acquisition) सम्बन्धी प्रकृया अगाडि बढाउन उपयुक्त देखिएमा सो प्रयोजनका लागि समिति गठन गर्ने, मूल्याङ्कनकर्ताको नियुक्ति तथा निजको पारिश्रमिक तोक्ने, गाभ्ने/गाभिने वा प्राप्ति सम्बन्धी सम्झौता पत्रमा हस्ताक्षर गर्ने लगायतका सम्पूर्ण कार्य गर्ने अख्तियारी सञ्चालक समिति वा समितिले तोकेको पदाधिकारीलाई प्रदान गर्ने ।
३. विविध ।

**संचालक समितिको आज्ञाले,**
**कम्पनी सचिव**

# वार्षिक साधारण सभा सम्बन्धी अन्य जानकारी

१. चौथो वार्षिक साधारण सभा प्रयोजनार्थ मिति २०८१/०२/२१ गते सोमबार एक दिनका लागि यस वित्तीय संस्थाको शेयर दाखिल खारेज दर्ता बन्द रहनेछ । नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०८१/०२/२० गते आइतबारसम्म कारोबार भई प्रचलित कानून बमोजिम नामसारीको लागि यस वित्तीय संस्थाको शेयर रजिष्ट्रार कुमारी क्यापिटल लिमिटेड, नागपोखरी, काठमाडौमा प्राप्त शेयर नामसारी लिखतको आधारमा शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरु सो साधारण सभामा भाग लिन योग्य हुनेछन् ।
२. शेयरधनीहरुको जानकारीका लागि वार्षिक संक्षिप्त आर्थिक विवरण यसै सूचना साथ प्रकाशित गरिएको छ । वार्षिक साधारण सभामा पेश हुने सम्पूर्ण प्रस्तावहरु वित्तीय संस्थाको वेबसाइट www.aviyanlaghubitta.com मा पनि राखिएको छ ।
३. साधारण सभामा भाग लिन आँउदा शेयरधनीहरुले वार्षिक प्रतिवेदनका साथ संलग्न प्रवेशपत्र वा शेयर प्रमाणपत्र/हितग्राही (DEMAT) खाता नम्बर र आफ्नो परिचय खुल्ने फोटोसहितको प्रमाण वा सोको प्रतिलिपि अनिवार्य रुपमा साथमा लिई आउनु पर्नेछ ।
४. वार्षिक साधारण सभामा भाग लिन आउने शेयरधनी महानुभावहरुले सभा हुने स्थानमा उपस्थित भई त्यहाँ राखिने उपस्थिति पुस्तिकामा दस्तखत गर्नुपर्ने छ । शेयरधनी उपस्थिति पुस्तिका साधारण सभा स्थलमा बिहान ९:३० बजेदेखि खुल्ला रहनेछ ।
५. साधारण सभामा भाग लिनका लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनी महानुभावहरुले प्रतिनिधि पत्र (प्रोक्सी फाराम) साधारण सभा हुनु भन्दा कम्तिमा ४८ घण्टा अगावै वित्तीय संस्थाको केन्द्रीय कार्यालय पनौती नगरपालिका, वडा नं. ०४, काभ्रेपलाञ्चोकमा दर्ता गराइ सक्नुपर्ने छ ।
६. प्रतिनिधि (प्रोक्सी) मुकरर गर्दा सम्पूर्ण शेयरको प्रतिनिधि एकै व्यक्तिलाई गर्नु पर्दछ । एकै शेयरधनीले एक भन्दा बढी प्रतिनिधि मुकरर गरेमा जुन प्रोक्सी वित्तीय संस्थाको रजिष्टर्ड कार्यालयमा पहिला प्राप्त भई दर्ता हुन्छ सो मात्र मान्य हुनेछ ।
७. प्रतिनिधि (प्रोक्सी) मुकरर गर्दा मतदान गर्न अधिकार प्राप्त वित्तीय संस्थाको शेयरधनी बाहेक अन्य व्यक्तिलाई नियुक्त गर्न सकिने छैन । कुनै शेयरधनीले प्रतिनिधि (प्रोक्सी) नियुक्त गरेर पनि आफु स्वयं उपस्थित भएमा त्यस्तो प्रतिनिधि (प्रोक्सी) स्वतः रद्द भएको मानिनेछ ।
८. नावालक वा विक्षिप्त शेयरधनीहरुको हकमा वित्तीय संस्थाको शेयरधनी दर्ता पुस्तिकामा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले मात्र साधारण सभामा भाग लिन वा प्रतिनिधि (प्रोक्सी) तोक्न सक्नेछन् ।
९. संयुक्त रुपमा शेयर लिने शेयरधनीहरुको हकमा त्यस्तो शेयरधनीहरु मध्येबाट सर्वसम्मतरुपमा मनोनित प्रतिनिधिले वा सो बमोजिम कुनै प्रतिनिधि नियुक्त नभएमा शेयरधनी दर्ता किताबमा पहिलो नाम उल्लेख भएको शेयरधनीले मात्र साधारणसभामा भाग लिन पाइने छ ।
१०. शेयरधनीहरुबाट उठेका प्रश्न, जिज्ञासा वा मन्तव्यहरुको सम्बन्धमा सञ्चालक समितिको तर्फबाट अध्यक्ष वा अध्यक्षबाट अनुमति प्राप्त व्यक्तिले जवाफ दिन सक्नेछन् ।
११. छलफलको विषय मध्ये विविध शीर्षक अन्तर्गत कुनै विषयमा साधारण सभामा छलफल गर्नुपर्ने भए इच्छुक शेयरधनीले साधारण सभा हुनुभन्दा ७ (सात) दिन अगावै सो विषय कम्पनी सचिव मार्फत सञ्चालक समितिको अध्यक्षलाई लिखितरुपमा उपलब्ध गराउनु पर्नेछ ।
१२. साधारण सभामा भाग लिन आउने शेयरधनीहरुले साधारण सभासँग सम्बन्धित कागजात बाहेक निषेधित सामाग्री लिएर आउन पाइने छैन ।

**द्रष्टव्य** : वित्तीय संस्थाको वेबसाइट www.aviyanlaghubitta.com मा वार्षिक संक्षिप्त आर्थिक विवरणलाई राखिएको हुँदा त्यहाँबाट समेत जानकारी हाँसिल गर्न सकिने छ ।